नेपाल सरकार
गृह मन्त्रालय

# ५ नं. प्रदेश प्रहरी कार्यालय

(प्रबन्ध शाखा)

☎ - { 082-523410

CUG -९८५७८२५४१०

तुलसीपुर, दाङ।

पत्र संख्या -२०७६/०७७

चलानी नं.: - १९६२

मिति :-२०७६।१२।२५ गते।

प्रा.प.सं.-

**विषय:- सवारी साधन खरिद सम्झौता अन्त्य गरिएको।**

श्री सिप्रदी ट्रेडिङ प्रा.लि.,
चन्द्रागिरी -१४, नयाँनैकाप, काठमाण्डौ ।

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ) खरिद गर्ने कार्यबिधि २०७४, सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को परिच्छेद २ को दफा ८(८) र सार्बजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को परिच्छेद ५ को नियम ३१(ख) बमोजिम सवारी साधन (4WD Double Cab Pick up) खरिदका लागि मिति २०७६।१०।०३ गते नागरिक राष्ट्रिय दैनिक पत्रीकामा प्रकाशित शिलबन्दी प्रस्तावको सुचना अनुसार ताहाँ प्रा.लि.बाट पेश गरिएको प्राबिधिक एवं आर्थिक प्रस्ताव बमोजिम मिति २०७६।१२।०२ गते ताहाँ प्रा.लि. र यस कार्यालय बिच सवारी साधनको खरिद सम्झौता भएकोमा तालुक प्रहरी प्रधान कार्यालय सवारी महाशाखाको च.नं. २८५३ मिति २०७६/१२/१३ गतेको पत्र साथ यस प्रदेशको भौगोलिक परिस्थिती तथा बाटोको अबस्था समेतलाई मध्यनजर गरी बढी ग्राउण्ड क्लियरेन्स (Ground Clearance:Min 200 mm) भएको सवारी साधन खरिद गर्ने ब्यवस्था मिलाउन हुन भन्ने निर्देशन र तहाँ कार्यालयको च.नं. १९३२ मिति २०७६/१२/१४ गतेको यस महाशाखामा प्राप्त बोधार्थ पत्र सम्बन्धमा खरिद सम्झौता भई सकेको हकमा खरिद सम्झौताको रद्द गर्ने शर्त तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ को २(ख) मा भएको व्यवस्था बमोजिम ऐ.ऐनको ऐ.दफाको उपदफा ४ बमोजिम खरिद सम्झौताको अन्त्य गर्ने र सम्झौताकै क्रममा रहेको हकमा समेत सोहि अनुसार खरिद सम्झौताको अन्त्य गरी कानून बमोजिम कार्यान्वयन गर्न गराउन हुन अनुरोध भन्ने तालुक प्रहरी प्रधान कार्यालय आर्थिक प्रशासन महाशाखाको च.नं. १८० मिति २०७६/१२/१८ गतेको निर्देशानुसार सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ को २(ख) मा भएको व्यवस्था बमोजिम सार्वजनिक निकायले सार्बजनिक हितको लागि सुबिस्ताको आधारमा खरिद सम्झौताको अन्त्य गर्ने तथा ऐ.ऐनको ऐ.दफाको उपदफा ४ बमोजिम खरिद सम्झौतामा अन्यथा ब्यबस्था भएकोमा बाहेक सार्बजनिक निकायले सार्बजनिक हितका लागि सुबिस्ताको आधारमा खरिद सम्झौता अन्त्य गर्न सक्ने ब्यवस्था भए बमोजिम यस कार्यालय र तहाँ प्रा.लि.बिच मिति २०७६।१२।०२ गते भएको सवारी साधन खरिद सम्झौताको अन्त्य गरिएको ब्यहोरा जानकारी गराईन्छ।

**नि.कार्यालय प्रमुख**
**(नरबहादुर खत्री)**
**प्रहरी बरिष्ठ उपरीक्षक**

**बोधार्थ:-**

श्री प्रदेश सरकार प्रदेश नं. ५ आन्तरिक मामिला तथा कानून मन्त्रालय बुटवल।
श्री प्रहरी प्रधान कार्यालय प्रहरी महानिरीक्षकको सचिवालय।
श्री प्रहरी प्रधान कार्यालय मानवश्रोत एवं प्रशासन बिभाग नक्साल काठमांडौ।
श्री प्रहरी प्रधान कार्यालय आर्थिक प्रशासन महाशाखा नक्साल काठमांडौ।
श्री प्रहरी प्रधान कार्यालय सवारी महाशाखा नक्साल काठमांडौ।